## पाणिनि गाउँपालिका

## गाउँसभा बैठकमा

**गाउँपालिका अध्यक्ष श्री टेकराज न्यौपानेज्यूद्वारा प्रस्तुत**

आर्थिक वर्ष २०८१/०८२ को

# नीति तथा कार्यक्रम

पाणिनि गाउँपालिका

दुर्गाफाँट, अर्घाखाँची

९ आषाढ २०८१

***"पाणिनि र दुर्वाशा ऋषिको पहिचान, समृद्ध पाणिनि हाम्रो अभियान"***

## पाणिनि गाउँपालिका अर्घाखाँचीको
## आर्थिक वर्ष २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम

**पाणिनि गाउँपालिका गाउँसभा उपाध्यक्षज्यू, सदस्यज्यूहरू, सचिवज्यू लगायत राष्ट्रसेवक कर्मचारीहरू, पत्रकार तथा यहाँ उपस्थित सम्पूर्ण महानुभावहरू, पाणिनि गाउँपालिकाको गाउँ सभाध्यक्षको हैसियतले यस गरिमामय गाउँ सभा समक्ष आर्थिक वर्ष २०८१/०८२ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा आफूलाई गौरवान्वित महसुस गरेको छु । यो अवसर प्रदान गर्नुहुने पाणिनिवासी सम्पूर्ण महानुभावहरू प्रति कृतज्ञता ब्यक्त गर्दछु ।**

मुलुकको परिवर्तनका लागि राजनैतिक आन्दोलन र नागरिक सङ्घर्षहरूमा सहादत प्राप्त गर्ने सम्पूर्ण ज्ञात-अज्ञात वीर शहिदहरूप्रति उच्च सम्मानका साथ भावपूर्ण श्रदाञ्जली अर्पण गर्दछु । उहाँहरूको परिवार तथा आफन्तजनहरूप्रति गहिरो समवेदना प्रकट गर्दछु । साथै विभिन्न लोकतान्त्रिक आन्दोलनमा घाइते, अपाङ्ग, वेपत्ता योद्धाहरूको त्याग, तपस्या र बलिदान तथा अग्रजहरूको अतुलनीय योगदानको उच्च सम्मान प्रकट गर्दछु । नेपालको संविधान र विभिन्न कानूनले दिएको अधिकारको कार्यान्वयनका साथै नेपाल सरकार, प्रदेश सरकारका नीति तथा कार्यक्रम, मार्गदर्शन, आवधिक योजना, दिगो विकासका लक्ष्यहरूको स्थानीयकरण, गाउँपालिकाको आवधिक योजना लगायतका आधारमा गाउँपालिकाको नीति तथा कार्यक्रम तय भएको छ ।

गाउँपालिकाको सेवा प्रवाहलाई बढी भरपर्दो, छिटो, छरितो, चुस्त, दुरूस्त राख्न विद्युतीय अभिलेख, विद्युतीय् बिलिङ्ग, बैङ्कमार्फत सामाजिक सुरक्षा वितरण, कर्मचारीलाई अनुशासित र समयपालना गराउन विद्युतीय हाजिरी जस्ता सूचना प्रविधिको भरपुर प्रयोग गरिएको छ ।

सेवा प्रवाहलाई कसरी जनस्तरमा बढी भन्दा बढी सहज तरिकाले पुर्‍याउने भन्ने विषयमा कार्यपालिकामा समय समयमा छलफल र आवश्यक निर्णय तथा निर्देशन हुने गरेको छ । विकास निर्माणसम्बन्धी कार्य गर्दा सन्तुलित विकासलाई मध्यनजर गरी आर्थिक, सामाजिक, पूर्वाधार, वन वातावरण तथा विपद् व्यवस्थापन र सुशासन तथा संस्थागत विकासलाई महत्व दिई कार्य गरिदै आएको छ ।

गाउँपालिकाले स्थानीय सरकारको हैसियतले स्थापनाकाल देखि हालसम्म २६ वटा ऐन, ५० वटा कार्यविधि, १३ वटा निर्देशिका, नियमावली, मापदण्ड, निर्देशिकासहित ८९वटा स्थानीय कानून तर्जुमा गरिसकेको छ । कम जनशक्तिका बाबजुद पनि सेवा प्रवाह र विकासका गतिविधिहरू प्रभावकारी रूपमा अगाडि बढाइएको छ । महालेखा परिक्षकको वार्षिक प्रतिवेदन अनुसार गाउँपालिकाको आ.व. २०७९/८० को बेरुजु लेखापरीक्षण भएको अङ्कको ०.६१ प्रतिशत मात्र

छ । आ.व. २०७९/०८० मा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले समानीकरण अनुदान सिफारिसका लागि गर्ने कार्य सम्पादन मूल्याङ्कनमा १७ वटा सूचकाङ्कमा प्रदान गरिएको अङ्कका आधारमा जम्मा ५७.६७ प्रतिशत प्राप्त भएको छ भने स्थानीय तह संस्थागत क्षमता स्वःमूल्याङ्कन (लिजा) मा ७५.५ अङ्क हासिल गरेको छ। पाणिनि गाउँपालिकाको खानेपानी सरसफाई तथा स्वच्छता योजना (WASH Plan) तयार भैसकेको छ र पाणिनि तपोभूमी, कालिकाठी लेक, दुर्वाश्वेर गुफा, सिद्धेश्वर गुफा र तपोभूमी हुँदै सुपा देउरालीसम्मको पदमार्गको विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार हुँदैछ। नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने न्यून अनुदान र कमजोर आन्तरिक आयका बीच सामन्जस्यता कायम गर्दै पाणिनिवासी जनताका माग र आवश्यकतालाई प्राथमिकीकरण गरी साधन र स्रोत जुटाउँदै क्रमिक रूपमा विकास गर्दै जाने नीति अबलम्वन गरिने छ।

आर्थिक, सामाजिक रूपान्तरणका माध्यमबाट विद्यमान बहुआयमिक गरिबी, असमानता तथा बेरोजगारीको अन्त्य गर्दै नेपाल सरकारले लिएको **"समृद्ध नेपाल, सुखी नेपाली"** को लक्ष्य र प्रदेश सरकारले लिएको **"समृद्ध लुम्बिनी: आत्मनिर्भर प्रदेश"** को लक्ष्यलाई सार्थक बनाउन तथा स्थानीय सरकारको तर्फबाट समृद्ध र समुन्नत गाउँपालिका निर्माण गर्न **"पाणिनि र दुर्वाशा ऋषिको पहिचान, समृद्ध पाणिनि निर्माण हाम्रो अभियान"** को लक्ष्य तथा दीर्घकालिन सोचसहित आ.व २०८१/०८२ को गाउँपालिकाको नीति तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न चाहान्छु।

१. कृषिलाई आर्थिक समृद्धिको मेरूदण्ड मान्दै **"व्यावसायिक कृषि पेशा अबलम्वन गरौँ, आत्मनिर्भर बनौँ"** भन्ने उद्देश्यका साथ कृषिलाई आधुनिकीकरण, व्यावसायीकरण तथा बजारीकरण गर्न अभिप्रेरित गरिनेछ।

२. दुध उत्पादनको आधारमा दिदैँ आइरहेको प्रोत्साहन अनुदान कार्यक्रमलाई किसानहरूकैँ चाहना अनुसार परिमार्जन गर्दै अनुदानलाई व्यवस्थित गरिनेछ । दुग्धजन्य पदार्थको विविधीकरणका कार्यक्रमहरूलाई थप प्रभावकारी रूपमा सञ्चालन गर्दै दुग्ध कृषक समूह, सहकारीलाई आवश्यक पर्ने औजार, उपकरण लगायतका प्रविधि हस्तान्तरणमा अनुदानको व्यवस्था मिलाइनेछ।

३. कृषि क्षेत्रमा टड्कारो समस्याका रूपमा रहेको बादर, बँदेल तथा अन्य जङ्गली जनावरहरूको आतङ्कलाई न्यूनीकरण गर्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ।

४. उन्नत बिमा अनुदानको व्यवस्था गर्दै बाँझो जग्गालाई पुनःउत्पादनमा ल्याउनको लागि श्रम शक्ति परिचालन गरिनेछ।

५. गाउँपालिकाका कृषकहरूको माटो परीक्षण तथा माटो उपचार गरी उत्पादकत्व वृद्धि गरिनेछ । साथै स्वस्थ्य बाली उत्पादन र वातावरणमैत्री कृषि प्रणालीलाई जोड दिदै प्राङ्गारिक मलको प्रयोगलाई प्रोत्साहन गरिनेछ ।

६. कृषकहरूले उत्पादन गरेका वस्तुलाई समूहकृत गर्दै ढुवानीको लागतको आधारमा उत्पादित बाली वस्तुहरूमा ढुवानी अनुदान प्रदान गरिनेछ ।

७. साना सिँचाइ कार्यक्रममार्फत बर्षातको पानी सङ्कलन गरी पानीको उपयोगलाई भरपर्दो बनाइ उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने लक्ष्य लिइएको छ ।

८. मौसमी तथा बेमौसमी तरकारी खेतीबाट आम्दानी तथा स्वरोजगारीको अवसर सिर्जना गरिनेछ। साथै आलु पकेट कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ ।

९. मौरीपालन व्यवसायलाई सहयोग पुग्ने खालका कार्यक्रमहरू सञ्चालन गरिनेछ । साथै कृषकहरूलाई कृषि पेसाप्रति आकर्षण गर्नको लागि **"कृषक सम्मान कार्यक्रम"** सञ्चालन गरिनेछ ।

१०. सुन्तला जात फलफूलको क्षेत्र विस्तारका लागि सुन्तला जात फलफूलको पकेट कार्यक्रम सञ्चालन गरिनेछ । साथै यस क्षेत्रमा उत्पादित सुन्तला जातको फलफूलको गुणस्तर अभिवृद्धि गर्नको लागि सुन्तलामा रोग लगाउने किरा नियन्त्रण गर्ने कार्यक्रमहरू सञ्चालनमा ल्याइनेछ ।

११. पाणिनिमा उत्पादित दुधको बजारीकरण गर्दै उत्पादित दुधको विविधीकरण कार्यक्रमलाई निरन्तरताको लागि छुर्पी प्रवर्धन कार्यक्रम सञ्चालन गरिनेछ ।

१२. पशुमा कृत्रिम गर्भाधानको कार्यक्रमलाई निरन्तरता दिइनेछ । साथै पशुपन्छीको औषधी उपचारका कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ ।

१३. पशुमा लाग्ने सङ्क्रामक रोग नियन्त्रण गर्नका लागि पशु भ्याक्सीनेसन कार्यक्रम प्रभावकारी तवरले अगाडि बढाइनेछ । पशुमा रोग तथा परजीवी नियन्त्रणको लागि नि:शुल्क पशु स्वास्थ्य शिविर सञ्चालन गरिनेछ ।

१४. कृषि बालीको बजार व्यवस्थापनको लागि कोल्ड च्याम्बर निर्माण गरी उत्पादित वस्तुको उचित भण्डारणको व्यवस्था मिलाइने छ । साथै उत्पादित वस्तुको विक्री वितरणका लागि हाट बजारको विकास र विस्तार गरिनेछ ।

१५. कृषि तथा पशु सेवाका सेवा विस्तारको लागि जनशक्ति परिचालनको व्यवस्था मिलाइने छ । सङ्घीय सरकार र गाउँपालिकाको साझेदारीमा **"एक गाउँ, एक कृषि/पशु सेवा**

**प्राविधिक (OVOT)”** लाई निरन्तरता र रिक्त स्थानमा पदपूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाइनेछ। साथै पशु सेवा स्नातकलाई निरन्तरता दिइनेछ।

१६. कृषि प्रसार कार्यक्रम प्रभावकारी बनाउन अगुवा कृषकलाई अवलोकन/ भ्रमण कार्यक्रम सञ्चालन गरिनेछ। साथै कृषि तथा पशुपालन व्यवसाय गर्ने कृषकको क्षमता अभिवृद्धिको लागि प्रविधिमैत्री तालिमको व्यवस्था गरिनेछ।

१७. कृषि तथा पशुजन्य उत्पादन तथा प्रविधिको प्रवर्धन गर्ने नीति लिइने छ, जसको लागि स्थानीय स्तरमा नियमित कृषि मेला महोत्सव सञ्चालन गरिनेछ।

१८. कृषि तथा पशुपालन व्यवसाय दर्ता प्रक्रियालाई सरलीकृत गर्दै दर्तावाला फर्मको सूचीकृत गरी दर्ता गरेका फर्ममा **“डोर टु डोर भिजिट (Door to Door Visit)”** गर्ने र सहयोगी कार्यक्रम सञ्चालन गरिने छ।

१९. पुराना सिँचाइ कुलाहरूको मर्मत सम्मार तथा स्तरीकृत गर्दै सिँचाइयोग्य फाँटहरू तथा कृषि पकेट क्षेत्रको पहिचान गरी सो क्षेत्रमा खेर गइरहेको खेतीयोग्य जमिन तथा पानीलाई सदुपयोग गर्दै कृषि उत्पादन वृद्धि गर्ने नीति ल्याइनेछ।

२०. पर्यटनको प्रचुर सम्भावनायुक्त पाणिनि तपोभूमी, दुर्वासेश्वर गुफा, धातिवाङ्गको सिद्धेश्वर गुफा, पाणिनि कालिकाठी लगायतका क्षेत्रको पूर्वाधार विकास गरी धार्मिक पर्यटन प्रवर्द्धनमा जोड दिइनेछ।

२१. ग्रामीण पर्यटनलाई टेवा पुऱ्याउन होम स्टे (Home Stay) सञ्चालनका लागि सम्भाव्यता अध्ययन कार्यक्रम सञ्चालन गरिनेछ।

२२. नेपालकैँ प्रमुख गन्तब्य स्थल मध्येको पाणिनि तपोभूमीको विकास संरक्षण र प्रचार प्रसार गरी ध्यान केन्द्र बनाउन प्रदेश र नेपाल सरकार तथा सरोकारवाला व्यक्ति तथा सङ्घसंस्थाहरूको सहयोगमा अगाडि बढाइने छ। पाणिनि तपोभूमी लगायत कालिकाठी लेक, दुर्वाश्वेर गुफा, सिद्वेश्वर गुफा र तपोभूमि देखि प्रसिद्ध तीर्थस्थल सुपा देउराली तथा पदमार्गको विस्तृत परियोजना प्रतिवेदन(DPR) तयार कार्य सम्पन्न गरी विस्तृत परियोजना प्रतिवेदनको आधारमा सबै पर्यटकीय गन्तब्यहरूको विकास गरिनेछ।

२३. गाउँपालिकाभित्र रहेका सहकारी संस्थाहरूको अनुगमन, नियमन र सञ्चालनमा प्रभावकारिता ल्याइनेछ। सहकारीहरूको क्षमता विकासमा जोड दिइनेछ। साथै जनताको विश्वास योग्य संस्थाको रूपमा सहकारीको विकास गरी आय आर्जनको माध्यमको रूपमा सहकारीलाई विकास गरिनेछ।

२४. कृषि व्यवसायको पुस्तान्तरण हुन नसक्ने जोखिम बढ्दै गएकाले सहकारी खेतीको लागि अध्ययन अनुसन्धान तथा उत्प्रेरित गराइदै लगिनेछ।

२५. आन्तरिक उत्पादन वृद्धि तथा उत्पादित साधनहरूलाई स्थानीय तहमार्फत औद्योगिकरण गर्न निर्माणधीन औद्योगिक ग्रामको कानूनी प्रक्रिया पुरा गरी पूर्वाधार निर्माण कार्यलाई शीघ्रता प्रदान गरिनेछ।

२६. **"पाणिनि गाउँपालिकाको आधार, लघु उद्यममार्फत रोजगार"** भन्ने नारालाई सार्थकता प्रदान गर्न स्थानीय स्रोत र साधनको परिचालन गरी लघु उद्यममार्फत मेड मोडेल ( MED MODEL) मा आधारित उद्यमशीलता विकास गरिनेछ । साथै साझेदारी गर्ने वडाका कार्यक्रमलाई प्राथामिकता दिइ कार्यान्वयन गरिनेछ।

२७. उद्योग तथा व्यवसाय दर्ता कार्यलाई सहज बनाइने छ । उद्योग, व्यापार, व्यवसायको स्थापना, सञ्चालन र विस्तारमा गाउँपालिकाले सहयोगी वातावरण सिर्जना गर्ने छ। साथै पाणिनिको पहिचानको रूपमा रहेको छुर्पि उद्योगलाई प्रोत्साहन गरिनेछ।

२८. प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगारहरूलाई रोजगारीको अवसर प्रदान गरिनेछ । यसरी सूचिकृत जनशक्तिलाई स्थानीय तहभित्र उपलब्ध हुने निर्माण सेवा, व्यवसाय, उद्योग र कृषि लगायतका क्षेत्रमा रोजगारीको अवसर प्रदान गराउन सरोकारवालासँग समन्वय गरिनेछ।

२९. रोजगार सम्वाद मञ्च सञ्चालन गरी रोजगारदातासँग प्रत्यक्ष सम्बन्ध विस्तार तथा सहकार्य गरिनेछ।

३०. रोजगार रणनीति अद्यावधिक तथा आन्तरिक रोजगार प्रवर्द्धनसम्बन्धी कार्यक्रम सञ्चालन गरिने छ।

३१. "**श्रमको सम्मान राष्ट्रको अभियान"** भन्ने मूल मन्त्रलाई आत्मसाथ गर्दै नयाँ थप रोजगारीका अवसरको खोजी गरिनेछ।

३२. स्थानीय तहमा रोजगारी तथा स्वरोजगारसम्बन्धी कार्य गर्न सरकारी निकाय तथा गैरसरकारी निकाय निजी क्षेत्रसँग समन्वय र सहकार्य गरी परामर्श लिई रोजगारीका क्षेत्रको व्यापक खोजी गरी अगाडि बढिनेछ।

३३. श्रम बजारमा आएको जनशक्तिलाई आवश्यकताका आधारमा विभिन्न सिपमूलक तालिम सञ्चालन गरी माग र आपूर्तिको आधारमा रोजगार प्रदान गर्न आवश्यक पहल गरिनेछ।

३४. वार्षिक रूपमा उत्कृष्ट हुने विद्यार्थी, उत्कृष्ट औषत सिकाइ उपलब्धि हासिल गर्ने शिक्षक र विद्यार्थीलाई प्रोत्साहन गर्ने व्यवस्थालाई निरन्तरता गर्ने नीति लिइनेछ।

३५. **"जहाँ विद्यार्थी, त्यहाँ विद्यालय"** भन्ने मान्यता अनुशरण गर्दै शिक्षक विद्यार्थी अनुपातका आधारमा तहगत तथा विषयगत शिक्षक दरबन्दी मिलान गर्ने र विद्यार्थी सङ्ख्याका आधारमा विद्यालय समायोजन गर्ने नीति लिई "**थोरै विद्यालय, राम्रा विद्यालय"** निर्माणको नीति अवलम्वन गरिनेछ।

३६. दरबन्दी कम भएका विद्यालयहरूलाई दिइदै आएको अनुदानमा निरन्तरता दिइनेछ। साथै तह अनुसार दरबन्दी पूरा भएका विद्यालयहरूलाई दिएको अनुदान सम्बन्धमा अध्ययन/पुनरावलोकन गरिनेछ।

३७. **"सिकाइ र सिपसहितको शिक्षा, आजको आवश्यकता"** को मर्मअनुरूप पाणिनि बहुप्राविधिक शिक्षालयमा अध्ययन गर्ने विद्यार्थीहरूको प्रोत्साहनका लागि छात्रवृत्ति व्यवस्था गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

३८. **"पाणिनिलाई चिनौँ, पाणिनिलाई चिनाउ"** भन्ने आदर्श वाक्यलाई आत्मसात गरी हाम्रो पाणिनि स्थानीय पाठ्यक्रम अन्तर्गत सम्पूर्ण कक्षाका पाठ्यपुस्तक विकास गरी विद्यालयको पठनपाठनमा सहजता ल्याइनेछ ।

३९. जनप्रतिनिधि, शिक्षक ,कर्मचारी, लगायत राज्यकोषबाट सुविधा प्राप्त गर्ने व्यक्ति तथा विद्यालयका पदाधिकारीहरूका सन्ततिलाई नैतिकताको आधारमा सामुदायिक विद्यालयमा भर्ना गर्नुपर्ने नीति अवलम्वन गरिनेछ।

४०. एकीकृत पाठ्यक्रमले तोके बमोजिम कक्षा १-३ का विद्यार्थीको सिकाइ उपलब्धिको वस्तुनिष्ठ मूल्याकङ्नको लागि मूल्याकङ्न अभिलेख पुस्तिका तयार गरी करिब १८०० विद्यार्थीको हातमा पुऱ्याइनेछ।

४१. पाठ्यक्रम, विशिष्टिकरण तालिका र विषयवस्तुको पूर्व तयारीको लागि **एक शिक्षक, एक पुस्तिका** निर्माण गरी दैनिक पाठयोजना अनुसार शिक्षण गर्ने प्रणालीको कार्यान्वयन गरिनेछ।

४२. शिक्षक, कर्मचारी छनौटको कार्यलाई छिटो छरितो, वैज्ञानिक र सहज बनाउनको लागि एकीकृत विज्ञापन प्रणाली अवलम्बन गर्ने नीति लिइनेछ।

४३. पाणिनि गाउँपालिकाबाट विषयगत रोष्टर शिक्षक तयार गरी शिक्षणमा प्राविधिक विज्ञ सेवासहितको अनुगमन सुपरीवेक्षणको नीति अवलम्बन गरिनेछ।

४४. अनिवार्य र नि:शुल्क शिक्षाको मर्मानुरूप कक्षा १२ सम्म समयमैँ विद्यार्थीको हातमा नि:शुल्क पाठ्यपुस्तक वितरण कार्यलाइ व्यवस्थित गर्दै कार्यक्रमको निरन्तरता दिइनेछ।

४५. शिक्षक - कर्मचारीको क्षमता विकास तथा प्रस्फुटनमा टेवा पुऱ्याउने खालका अन्तरक्रिया, कार्यक्रम तथा मागमा आधारित क्षमता विकासका तालिम, नियमित प्रधानाध्यापक बैठक, विषयगत समिति गठन तथा परिचालन जस्ता क्रियाकलापहरू सञ्चालन गरिनेछ।

४६. विद्यालयमा शैक्षिक गुणस्तर सुदृढीकरणका लागि विद्यालय भौतिक पूर्वाधार, दिवा खाजा, छात्रवृत्ति, निःशुल्क पाठ्यपुस्तक, छात्राहरूका लागि निःशुल्क स्यानिटरी प्याड व्यवस्थापन, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रमलाई निरन्तरता दिइनेछ।

४७. गाउँपालिकाभित्र रहेको स्नातक तहको अध्यापन गराउने क्याम्पसको सञ्चालन, व्यवस्थापनमा आवश्यक सहयोग गर्दै जाने नीतिलाई निरन्तरता दिइनेछ।

४८. विद्यार्थीहरूमा लुकेर रहेका अन्तर्निहित प्रतिभा प्रस्फुटनका लागि अतिरक्त क्रियाकलाप अन्तर्गत **प्रतिभाको खोजी, चिनारी तथा प्रचार प्रसार एवम् विभिन्न खेलकुदका कार्यक्रमहरू** सञ्चालन गरिनेछ।

४९. साना नानी बावुहरूलाई **पढाइ र परीक्षा**को महत्व झल्काउनको लागि कक्षा ३ र ५ को पालिका स्तरीय उपलब्धि परीक्षाको कार्यक्रमलाई निरन्तरता दिइनेछ।

५०. **"स्वच्छ मष्तिष्क, स्वस्थ ज्यान, योगासँगै शिक्षामा ध्यान"** को मर्मानुरूप **"उर्जा ध्यान"** तर्फ विद्यार्थी, शिक्षकलाइ प्रोत्साहन गरिनेछ।

५१. विद्यालयका विद्यार्थीको समग्र नतिजा, कार्यसम्पादन र परीक्षण मापदण्डको आधारमा उत्कृष्ट विद्यालयलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिनेछ।

५२. अङ्ग्रेजी माध्यमका शिक्षकका रूपमा कार्यरत शिक्षकहरूको दरवन्दी आवश्यकतानुसार परिमार्जन तथा हेरफेर गरिनेछ। साथै समयानुकूल पारिश्रमिक वृद्धि गर्ने कार्यको लागि पहल गरिनेछ।

५३. सुविधा सम्पन्न **"एक वडा, एक खेलमैदान"** पूर्वाधार निर्माणका लागि सम्भाब्यता अध्ययन गरी प्रत्येक वडामा एक/एक खेलमैदान निर्माणको लागि पहल गरिनेछ। निर्माणधीन खेल मैदानहरूको स्तरोन्नति गर्दै आवश्यक मापदण्डयुक्त बनाइनेछ। साथै पालिकामा एक सुविधा सम्पन्न रङ्गशाला निर्माणका लागि आवश्यक पहल गरिनेछ।

५४. नीति तथा योजना तर्जुमा, विकास गतिविधि, ज्ञानसीप आदान प्रदान तथा हस्तान्तरणमा स्वयम्सेवी युवा शक्तिलाई अधिकतम् परिचालन गरिनेछ। साथै निस्वार्थ भावले समाज

सेवा गर्ने वा गरिरहेका युवाहरूको मनोबल उच्च पार्दै थप समाज सेवामा उत्प्रेरित गर्न सम्मान तथा पुरस्कारसम्बन्धी व्यवस्था गरिनेछ।

५५. खेलकुदलाई स्वास्थ्य र मनोरञ्जनसँग आबद्ध गर्दै निरन्तर रूपमा फरक फरक स्थानहरूमा वडास्तरीय भलिबल, क्रिकेट लगायत अन्य खेलहरूको विकास र सहभागिता प्रर्वद्धन हुने क्रियाकलापहरू सञ्चालन गरिनेछ।

५६. **"पाणिनि गाउँपालिका भलिबलको हब, खेलाडी प्रोत्साहनको लागि अध्यक्ष कप"** नारा साकार पार्न अध्यक्ष कप रनिङ्ग शिल्ड प्रतियोगिता कार्यक्रमलाई निरन्तरता दिइनेछ।

५७. नेपाल सरकारको नीति अनुसार अत्यावश्क र आवश्यकीय स्वास्थ्य सेवाको पहुँच एवम् गुणस्तरीय सेवा प्रवाहका लागि स्वास्थ्य सेवा पूर्वाधार विकास र नेपाल सरकारले स्वास्थ्य संस्थाहरूमा निःशुल्क उपलब्ध गराउन तोकिएका औषधीहरूको भरपर्दो आपूर्तिको व्यवस्था मिलाइनेछ।

५८. पाणिनि गाउँपालिका भित्रका सबै स्वास्थ्य चौकीहरू र स्वास्थ्य सेवाको पहुँच वृद्धिका निम्ति स्थापित सामुदायिक स्वास्थ्य इकाईहरूबाट सञ्चालित सेवालाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ।

५९. निर्माणाधीन १५ शैयाको अस्पताल निर्धारित समयमैँ निर्माण सम्पन्न गर्नका लागि आवश्यक बजेट व्यवस्थापनको लागि नेपाल सरकारसँग विशेष आग्रह गरिनेछ र यथाशीघ्र निर्माणकार्य सम्पन्न गरी सङ्घ र प्रदेश सरकारको सहयोग र समन्वयमा विशेषज्ञ सेवासहित उपचार कार्यको थालनी गरिनेछ।

६०. खिदिम स्वास्थ्य चौकीको र पाली स्वास्थ्य चौकीको नयाँ भवन सम्पन्न गरी नयाँ भवनबाट सेवाप्रवाह आरम्भ गरिनेछ।

६१. नवजात शिशु र ५ वर्षमुनिका बालबालिकाको हुन सक्ने मृत्युदर कम गर्न, दिगो विकास लक्ष्य, आरोग्य तथा कल्याण लक्ष्य प्राप्तिका लागि खोप सेवाको प्रभावकारी सञ्चालन गरी पूर्णखोप दिगोपना र सुनिश्चितता कायम गरिनेछ।

६२. खोप तथा गाउँघर क्लिनिक कार्यक्रम सञ्चालनलाई व्यवस्थित गर्न सबै खोप तथा गाउँघर क्लिनिकहरूमा आवश्यक उपकरण तथा फर्निचरको व्यवस्था मिलाइने छ।

६३. सबै प्रकारका कुपोषण अन्त्य गर्न, किशोरी गर्भवती तथा सुत्केरी महिला र अन्य व्यक्तिको पोषणसम्बन्धी आवश्यकतालाई सम्बोधन गर्नका लागि पोषण विशेष कार्यक्रमहरू सञ्चालन गरिनेछ।

६४. स्वास्थ्य क्षेत्रको निर्णय प्रक्रियालाई तथ्याङ्कका आधारमा गर्न सहजीकरणका लागि स्वास्थ्य क्षेत्रका गतिबिधि झल्कने गरी पालिकाको स्वास्थ्य क्षेत्रको पाश्वचित्र (Health Profile) र फ्याक्ट सिट प्रकाशन गरिनेछ। साथै गुणस्तरीय तथ्याङ्कका लागि नियमित तथ्याङ्कको गुणस्तर परीक्षण (RDQA) कार्यक्रमलाई निरन्तरता दिइनेछ।

६५. पाणिनि गाँउपालिकालाई पोषण मैत्री स्थानीय शासनयुक्त गाउँपालिका घोषणा गर्ने अभियान अन्तर्गत बहुक्षेत्रीय पोषण कार्यक्रमका सूचक पुरा गर्न सम्बद्ध पक्षलाई समेटेर विविध कार्यक्रम सञ्चालन गरिनेछ । यसको लागि सर्वप्रथम पोषणमैत्री स्वास्थ्य संस्था घोषणा कार्यको थालनी गरिने छ र पोषणमैत्री वडा हुँदै आगामी तीन वर्षभित्र पोषणमैत्री गाउँपालिका घोषणा गरिनेछ।

६६. किशोरीहरूमा हुने रक्तअल्पताको न्यूनीकरणका लागि सबै विद्यालयमा १० देखि १९ वर्ष सम्मका किशोरीहरूलाई आइरन चक्की वितरणलाई निरन्तरतासँगै थप सुदृढ गर्दै यो वर्ष २ वटा विद्यालयका सम्पूर्ण किशोरीहरूको निःशुल्क रक्त अल्पता जाँच गर्न स्क्रिनिङ्ग शिविर सञ्चालन सुरुवात गरिनेछ।

६७. किशोर किशोरीको यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

६८. आयातित पत्रु खाना (Junk Food) विस्थापित गरी स्थानीय पोषणयुक्त खानालाई प्रवर्द्धन गर्ने नीति लिइनेछ।

६९. विविध कार्यक्रमहरू आयोजना गरी पोषण सप्ताह मनाइनेछ। साथै विद्यालयहरूमा पोषण सम्बन्धी स्वास्थ्य शिक्षा कार्यक्रम सञ्चालन विद्यार्थीहरूको स्वास्थ्य परीक्षणसमेत गरिनेछ।

७०. ६० वर्ष माथिका श्रवण शक्ति कम भएका जेष्ठ नागरिकको श्रवण शक्ति परीक्षण तथा हेयारिङ्गएड उपकरण वितरण गरिने नीति अवलम्बन गरिने छ।

७१. **"उपाध्यक्षसँग स्मार्ट आमा बच्चा कार्यक्रम"** मार्फत सुनौलो १००० दिन भित्रका गर्भवती तथा सुत्केरी आमाहरूले स्वास्थ्य संस्थाबाट गर्भ रहेदेखि बच्चा जन्मेको २३ महिनासम्म तोकिए बमोजिमका ५ वटा सूचक पुरा गर्ने आमाहरूलाई एक कार्यक्रमबीच प्रसंशा पत्र र नगदसहित सम्मान गरिनेछ।

७२. नेपाल सरकारको MNH रोड म्यापले निर्धारण गरेको लक्ष्य हासिल गर्न मातृ मृत्यु, बाल मृत्यु, शिशुमृत्यु दरलाई घटाउन सुरक्षित मातृत्व कार्यक्रम र नवशिशु कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरिनेछ ।

७३. पोखराथोक स्वास्थ्य चौकीबाट उपलब्ध हुने ल्याब सेवाबाट गर्भवती महिलाहरूले गर्भ रहेको ३ महिनापछि प्रयोगशालामा गरिने ANC Package निःशुल्क जाँचलाई निरन्तरता दिइनेछ ।

७४. गर्भावस्थामा गरिने स्याहारसुसार नियमित स्वास्थ्य जाचँ गर्भावस्था र प्रसूति अवस्थामा हुने जटिलताको बारेमा पूर्व तयारीसम्बन्धी परामर्श सेवालाई व्यवस्थित गर्न स्वास्थ्यकर्मीहरूको क्षमता अभिवृद्धि गरिनेछ ।

७५. गर्भवती महिलाको गर्भको अवस्था समयमैँ पत्ता लगाइ तदनुरूपको व्यवस्थापन र परामर्शको लागि ग्रामिण अल्ट्रासाउण्ड घुम्ती सेवालाई निरन्तरता दिइनेछ ।

७६. प्रसूति सेवा लिन बर्थिङ्ग सेन्टरसम्म आउन जान र रिफर भएका जटिलतायुक्त प्रसूतिहरूका लागि निःशुल्क एम्बुलेन्स सेवा प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

७७. एम्बुलेन्स सेवा सञ्चालनसम्बन्धी कार्यविधिलाई समयानुकूल संशोधन गरी सेवालाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ ।

७८. गर्भवती महिला लक्षित मेडिक मोबाइल कार्यक्रम लागु गरिनेछ । साथै सुत्केरी जाचँका लागि स्वास्थ्यकर्मीहरूलाई घरमैँ गएर जाचँ गर्ने व्यवस्थालाइ निरन्तरता दिइनेछ ।

७९. सम्पूर्ण स्वास्थ्य संस्थाहरूमा परिवार नियोजन सेवा प्रभावकारी बनाउन लामो समयका गर्भान्तरको लागि इम्प्यान्ट/आइयुसिडी (IMPLANT / IUCD) सेवा सञ्चालन गर्न स्वास्थ्यकर्मीको लागि आवश्यक तालिम गराइ पाँच वटै साधन उपलब्ध गराउन पहल गरिनेछ।

८०. सबै स्वास्थ्य संस्थामा निःशुल्क गर्भवती जाँचका लागि आवश्यक किट र गर्भवतीलाई निःशुल्क क्याल्सियम चक्की वितरणको व्यवस्थालाई निरन्तरता दिइनेछ ।

८१. महिला सामुदायिक स्वास्थ्य स्वयम्सेविकालाई दिदै आइरहेको मासिक खाजा खर्च रकम र स्वास्थ्य बिमा बापत्को सुविधालाई निरन्तरता दिइनेछ । साथै महिला स्वास्थ्य स्वयम्सेविकाहरूलाई दीर्घ सेवा सम्मान कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

८२. **"उपाध्यक्षसँग महिला स्वास्थ्य स्वयम्सेविका"** पेन्सन कार्यक्रममार्फत स्वयम्सेविका भएर गरेको कामको उच्च मुल्याङ्कन गरी ६० वर्ष उमेर अवधि पुगी अवकाश हुने स्वास्थ्य

स्वयम्सेविकालाई सामाजिक सुरक्षा भत्ता नपाउँदासम्म वार्षिक एकमुष्ठ पेन्सन स्वरूप रकम उपलब्ध गराइनेछ ।

८३. क्षयरोग निदानका लागि स्वास्थ्यकर्मीहरूलाई स्थलगत अनुशिक्षण विधिमार्फत क्षमता अभिवृद्धि गरिनेछ । साथै पहुँच नपुगेका स्थानमा माइक्रो स्कोपी क्याम्प सञ्चालन गरिनेछ ।

८४. HIV/AIDS, कुष्ठरोग, मधुमेह, उच्च रक्तचाप लगायत विभिन्न नसर्ने रोगका बारेमा सचेतना कार्यक्रम सञ्चालन गरिनेछ। साथै HIV AIDS बाट पिडित व्यक्तिहरूको जिबन निर्वाहका लागि आर्थिक सहयोग लाइ निरन्तरता दिनेछ ।

८५. जनस्वास्थ्यका कार्यक्रममा मानसिक स्वास्थ्यलाई एकीकृत गरी सञ्चालन गरिनेछ । साथै स्वास्थ्यकर्मी तथा सञ्चार माध्यमबाट विद्यालय र समुदायमा स्वास्थ्य सन्देश प्रवाह गरिनेछ।

८६. कडा रोगबाट पीडित व्यक्तिहरूलाई कार्यविधि अनुसार आर्थिक सहयोगलाई निरन्तरता दिनेछ।

८७. सबै वडा वडामा पाठेघरको मुखको क्यान्सर स्क्रिनिङ्ग VIA शिविर सञ्चालन गरिनेछ ।

८८. स्वास्थ्य संस्था (स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य इकाई)हरूमा खानेपानी, विद्युतको नियमितता, कम्प्युटर प्रिन्टर,फर्निचर तथा औजार उपकरण, गुणस्तर कायम गर्ने व्यवस्था गरिनेछ ।

८९. **"असहाय स्वास्थ्य उपचार सहायता कोष"**लाई निरन्तरता दिइनेछ । यो कोषमा जुनसुकै व्यक्ती, संस्थाले सहयोग गर्ने विद्यमान व्यवस्था कायमै रहनेछ ।

९०. सुगर ब्लड प्रेसरका बिरामीलाई लक्षित **"गाँउपालिका सुगर प्रेसर पहिचान र न्यूनिकरण कार्यक्रम"** शिविरको रूपमा सञ्चालन गरिनेछ ।

९१. सुर्ति, मदिरा र लागू पदार्थजन्य वस्तुको प्रयोगमा न्यूनीकरण गर्न नियमन गर्ने एवम् सचेतना अभिवृद्धि गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

९२. भैपरी आउन सक्ने महामारीजन्य रोग नियन्त्रणको निम्ति तत्काल आवश्यक व्यवस्थापनको लागि RRT आवश्यकताका आधारमा परिचालन गरिनेछ ।

९३. स्वास्थ्य संस्थाहरूमार्फत प्रवाह हुने सेवाहरूलाई सबैको सहज पहुँच, अधिकतम् जानकारी र अभिलेखीकरण, अनुगमन तथा मूल्याङ्कनलाई जोड दिइनेछ ।

९४. बच्चा र आमाको सुरक्षालाई ध्यानमा राखि पूर्ण संस्थागत प्रसूति सेवायुक्त गाउँपालिका बनाउन अग्रसरता लिइनेछ।

९५. खिदिम आयुर्वेद केन्द्रलाई प्रभावकारी रूपमा सञ्चालन गरी आयुर्वेद पद्धति र योग अभ्यासको माध्यमबाट शारीरिक तथा मानसिक स्वास्थ्य सुधारका लागि कार्यक्रमहरू सञ्चालन गरिनेछ। साथै नागरिकहरूको सामाजिक, शारीरिक र मानसिक विकासका लागि योग तथा ध्यानका कार्यक्रमहरू विस्तार गरिनेछ।

९६. पाणिनि गाउँपालिकाभित्रका नागरिकहरूलाई ब्लड आवश्यक परेमा सरल र सहज तरिकाले निःशुल्क रूपमा ब्लड-बैङ्कबाट उपलब्ध गराउने कार्यको थालनी गर्न नेपाल रेडक्रस सोसाइटीसँग सम्झौता गरिनेछ ।

९७. स्वच्छ तथा गुणस्तरीय खानेपानीको आपूर्ति तथा दीगो व्यवस्थापन र पूर्ण सरसफाइको तयार भएको **“खानेपानी तथा सरसफाइ स्वच्छता योजना(N-WASH Plan)”** बमोजिम खानेपानी तथा सरसफाइसम्बन्धी आयोजना कार्यान्वयनलाई निरन्तरता दिइनेछ । यसको कार्यान्वयनको लागि आवश्यक बजेट ब्यवस्थापन गर्न प्रदेश सरकार र नेपाल सरकारसँग विशेष अनुरोध गरिनेछ।

९८. आर्थिक, सामाजिक र शैक्षिक रूपमा पछाडी परेका महिला, दलित, आदिवासी जनजाति, मुस्लिम, अपाङ्गता भएका व्यक्ति लगायतका वर्ग तथा समुदायलाई सिपमूलक, आयमूलक र रोजगारमूलक कार्यक्रमहरू सञ्चालन गरिनेछ।

९९. महिला विरुद्ध हुने सबै प्रकारका हिंसा, विभेद र वहिष्करण अन्त्यका लागि लैङ्गिक समानता तथा महिला सशक्तिकरणमा सहयोग पुग्ने कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१००. **“तीनै तहका सरकारको सन्देश, जातीय भेदभावको पूर्ण बन्देज”** भन्ने नारालाई आत्मसात गर्दै जातीय भेदभाव उन्मुलनका लागि आवश्यक नीति लिइनेछ।

१०१. अपाङ्गताको प्रकृति अनुरूप आय आर्जनको लागि तालिम तथा सहायक सामग्री वितरणको व्यवस्था मिलाइनेछ।

१०२. सबै टोल, वडा हुँदै गाउँपालिकालाई ३ वर्षभित्र बालमैत्री घोषणा गर्न आवश्यक कार्यहरू प्रारम्भ गरिनेछ।

१०३. न्यायिक समितिको अधिकार क्षेत्र भित्रका विवादहरूको शीघ्र निरूपण गरी प्रभावकारी न्याय सम्पादन गर्न आवश्यक नीति तथा कानूनहरूको प्रबन्ध मिलाइनेछ। घरेलु हिंसा

अन्त्यको लागि मेलमिलाप केन्द्र तथा न्यायिक समितिमा परेका उजुरीहरूलाई तत्काल समाधान गर्ने व्यवस्था मिलाईनेछ।

१०४. न्यायिक समितिका पदाधिकारी, मेलमिलापकर्ता तथा कर्मचारीहरूको विषयगत ज्ञान र क्षमता विकासका कार्यक्रमहरू कार्यान्वयन गरिनेछ।

१०५. जलवायु परिवतर्नका असरहरूलाई न्यूनीरकण गर्नका लागि अनुकुलन कार्यहरू गर्दै वातावरण संरक्षण गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

१०६. **समृद्धिका लागि वन कार्यक्रम**लाई समुदाय र कृषकहरूको सहकार्यमा प्रभावकारी रूपमा कार्यान्वयन गरी हरियाली प्रबर्धन र वातावरण संरक्षणमा जोड दिनुका साथै आय आर्जनमा रुपान्तरण गरिने छ। साथै वृक्षारोपण कार्यलाई अभियानको रूपमा अगाडि बढाइनेछ।

१०७. गाउँपालिका क्षेत्रभित्रका सार्वजनिक स्थलहरूको लगत सङ्कलन गरी संरक्षणको उचित ब्यवस्था गरिनेछ।

१०८. वातावरण तथा फोहोरमैला व्यवस्थापनको लागि समुदाय, टोल विकास संस्था, विद्यालय, युवा क्लब लगायतका अन्य सङ्घसंस्थाहरूसँग सहकार्य गर्ने नीति अवलम्वन गरिनेछ।

१०९. अन्तर सरकार समन्वय र सहकार्यमार्फत सहयोगी संस्था समेतको समन्वयमा विपद् जोखिम न्यूनीकरण तथा विपद् प्रतिकार्य योजना परिमार्जन गरी विपद्को खोज उद्धार तथा राहतका लागि विपद् व्यवस्थापन सामग्रीको सुनिश्चितता गरिनेछ।

११०. विपद्हरूको रोकथाम तथा न्यूनीकरणको लागि पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभका कार्यक्रम सञ्चालन गर्न स्थानीय विपद्\व्यवस्थापन कोषमा आवश्यक बजेटको व्यवस्थापन गरी प्रभावकारी रूपमा विपद्को व्यवस्थापन गर्ने नीतिलाई निरन्तरता दिइनेछ।

१११. पूर्वाधार विकासका क्रियाकलापहरू सञ्चालन गर्दा विपद्\जोखिम संवेदनशीलतालाई केन्द्रविन्दुमा राखी कार्यान्वयन गर्न सघाउ पुग्ने गरी डिजाइन तथा इष्टिमेट गर्ने व्यवस्था मिलाइनेछ।

११२. आगलागीबाट घर सम्पत्ति तथा जङ्गल विनास हुनबाट जोगाउन सबै आम नागरिकलाई सचेत रहन अपिल गरिन्छ र तत्काल उद्धारको ब्यवस्थापन गर्न अग्नी नियन्त्रण गर्ने औजार र सामग्रीको व्यवस्था गरिनेछ।

११३. प्राकृतिक प्रकोप, मनसुनजन्य प्रकोप तथा अन्य प्रकोप तथा विपद्को न्यूनीकरण गर्नका लागि वडा कार्यालयहरूमा विपद् तथा प्रकोपको बखत् आवश्यक पर्ने विपद्का सामग्रीहरू खरिद गरी तत्काल उद्वार तथा राहत प्रदान गरिनेछ। विपद् पश्चात्को क्षतिपूर्ति, पुनर्भरण, राहत व्यवस्थापन र पुनर्निर्माणका लागि बीमा लगायत जोखिम हस्तान्तरणका सम्भाव्य उपायहरूको अवलम्बन गरिनेछ।

११४. विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना निर्माण, पूर्व सूचना प्रणालीको विकास, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, वितरण र समन्वयको व्यवस्थालाई प्रभावकारी बनाउँदै लगिनेछ। गाउँपालिकाभित्रका विपद् जोखिम क्षेत्रहरूको नक्साङ्कन तथा बस्तीहरूको पहिचान गरी स्थानान्तरण गर्नु पर्ने भएका सोको लागि आवश्यक पहल गरिनेछ।

११५. बाढी पहिरो, कटानको खतरा हुन सक्ने स्थान तथा क्षेत्रको पहिचान गरी नियन्त्रणको लागि आवश्यक कार्य अगाडी बढाइनेछ। साथै महामारी तथा विपद् व्यवस्थापनका लागि आकस्मिक योजना(Contingency Plan) लाई कार्यान्वयन गरिनेछ।

११६. माहामारी तथा विपद् व्यवस्थापनका लागि पालिका तथा वडा स्तरमा RRT ( Rapid Response Team) लाई प्रभावकारी बनाइनेछ । साथै विपद् व्यवस्थापनका लागि आवश्यक पूर्व तयारीका तालिम, अभ्यास तथा कार्यहरूमा विशेष जोड दिदैँ समुदायमा आधारित विपद् व्यवस्थापनसम्बन्धी कार्यकको सञ्चालन गरिनेछ।

११७. प्राकृतिक तथा मानविय विपद्का कारण पिडितहरूको लागि विपद् व्यवस्थापन कोषबाट तत्काल राहत स्वरूप नगद वा जिन्सी वितरण गरी पुर्नस्थापनाका क्रियाकलापहरू सञ्चालन गरिनेछ।

११८. भू–संरक्षण र जलाधार व्यवस्थापन गरी सार्वजनिक पोखरी संरक्षण तथा नदी खोलाको कटान रोक्न  तटबन्धको ब्यवस्थापन गरिने छ।

११९. समृद्धिको लागि वन कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गरी निजी वन र सार्वजनिक स्थानहरूमा जडीबुटीजन्य विरूवाको उत्पादन तथा बजारीकरणको व्यवस्था गरिनेछ।

१२०. वर्षायाममा हुने सडक अवरोधलाई तत्काल सम्बोधन गर्ने गरी गरी प्रविधिमैत्री माध्यमबाट वैज्ञानिक तथा तथ्यपरक तरिकाले पहिरो सोहोर्ने कार्य गरिनेछ।

१२१. अनुगमन कार्यलाई अझ बढी प्रभावकारी बनाउन Web System तथा Mobile Application को प्रयोग गरिनेछ।

१२२. योजना प्राथमिकिकरण कार्यलाई तथ्यपरक तथा बैज्ञानिक ढङ्गले कार्यान्वयन गरिनेछ।

१२३. पाणिनि गाउँपालिका भित्र  राष्ट्रिय भवन संहिता अनुसरण गर्दै भुकम्पीय दृष्टिले समेत सुरक्षित भवन निर्माण गर्न २०८१ श्रावण पछि निर्माण हुने भवनहरूको नक्सा पास अनिवार्य गरिनेछ र पुराना भवनहरूको सहज र सरल रूपमा अभिलेखीकरण गर्ने व्यवस्था मिलाइने छ।

१२४. आ.व. २०८१/०८२ मा पाणिनि गाउँपालिकाको सडक गुरुयोजना (MTMP) परिमार्जन गरिनेछ, जस अन्तर्गत सबै सडकहरूको मापदण्ड निर्माण र नामाकरण गरिनेछ।

१२५. सङ्घीय सरकार र प्रदेश सरकारसँगको सहकार्यमा सञ्चालन हुने योजनाको लागि समपुरक कोषमा आवश्यक रकमको ब्यवस्था गरिनेछ।

१२६. विद्युत वितरण प्रणालीलाई प्रभावकारी बनाउन विद्युत प्राधिकरणसँग समन्वय गरी आवश्यकता अनुसार ट्रान्सफर्मरको क्षमता वृद्धि, थप तथा लाईन विस्तार गरी सबै घरहरूमा र वस्तीहरूमा गुणस्तरीय विद्युतीय सेवा पुर्याउन विद्युत पोलहरूको स्थानान्तरण कार्यका लागि विद्युत प्राधिकरणसँग आवश्यक समन्वय गरिनेछ।

१२७. सञ्चार सस्था र गाउँपालिकाको सहकार्यमा जनहितकारी सूचनाहरू सम्प्रेषण गर्ने, गाउँपालिकाका निर्णय तथा सूचनाहरूमा सञ्चार संस्थाहरूको पहुँच बढाई खुला सरकारको नीति लिइनेछ। विज्ञापन तथा सूचनामा स्थानीय सञ्चार संस्थाहरूलाई प्राथमिकता दिइनेछ।

१२८. **"जनतासँग जनप्रतिनिधि"** कार्यक्रम सञ्चालन गरिनेछ। सञ्चार क्षेत्रमा योगदान पुऱ्याउने सञ्चारकर्मीलाई सम्मान गर्दै पत्रकारितामैत्री गाउँपालिकाको विकास गर्दै लगिनेछ।

१२९. गाउँपालिकाका नियमित क्रियाकलाप तथा प्रगति सार्वजनिक गर्नका लागि मिडियाहरूसँग सहकार्य गरिनेछ। स्वास्थ्य तथा शिक्षा क्षेत्रको सेवा प्रवाह तथा गुणस्तर अनुगमन कार्यमा मिडियाहरूको समेत परिचालन गरिनेछ।

१३०. पाणिनिवासीलाई सूचना प्रविधिको माध्यमद्वारा गाउँपालिकाबाट प्रदान गरिने सम्पूर्ण सेवाहरूको जानकारी गराई सूचना प्रविधिमैत्री सेवा प्रवाहको प्रवर्द्धनका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

१३१. गाउँपालिकाले सम्पादन गरेका सेवा प्रवाह, विकास योजना एवम् सुशासन व्यवस्थापन सम्बन्धमा जनतासँग रेडियो तथा टेलिभिजन कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ।

१३२. गाउँपालिकाको दैनिक सेवा प्रवाह, विकास निर्माण, सुशासन व्यवस्थापन लगायत नागरिकका साझा हितका पक्षमा प्रभावकारी रूपमा सेवा सञ्चालन गर्न जनप्रतिनिधिहरू र कर्मचारीहरूबीच सुमधुर सम्बन्ध कायम गरिनेछ। साथै क्षमता विकासको माध्यमबाट अधिकार र कर्तव्यको बारेमा सिर्जनशीलता हासिल गर्दै लगिनेछ।

१३३. सेवाग्राहीहरूलाई छिटो, छरितो एवम् प्रभावकारी सेवा प्रदान गर्नको लागि गाँउ कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरूमा एक एक वटा हेल्प डेस्कको व्यवस्था गरिनेछ।

१३४. डिजिटल डकुमेन्ट सर्भरको निर्माण गरी एकीकृत सर्भरको क्रमशः व्यवस्थापन गर्ने नीति लिइनेछ। डिजिटल लर्निंग सेन्टरको स्थापना गरी सूचना प्रविधि सम्बन्धि एकीकृत ज्ञान हासिल गर्ने व्यवस्था मिलाइनेछ।

१३५. नदीजन्य पदार्थको उपभोग गर्दा आवश्यकता अनुसार EIA तथा IEE गराई मापदण्डको परिपालना गर्ने गराउने नीतिलाई निरन्तरता दिइनेछ।

१३६. जिम्मेवारीपूर्वक उत्कृष्ट कार्यसम्पादन गर्ने अनुशासित, इमान्दारिता र उच्च नैतिक चरित्र भएका कर्मचारीहरूलाई साथै उत्कृष्ट सेवा प्रवाह गर्ने विषयगत शाखा, वडा कार्यालय, स्वास्थ्य चौकीलाई पुरस्कृत गरी प्रोत्साहन गरिनेछ भने खराब आचरण र जिम्मेवारी बहन नगर्ने कर्मचारीहरूलाई प्रचलित कानून बमोजिम सुधार एवम् दण्ड सजायको व्यवस्था गरिनेछ।

१३७. गाउँपालिकाको हित र विकासको लागि अहोरात्र खटिने कर्मचारीहकरुको वृत्ति र नवीन सिकाइ अनुकरणका लागि **आन्तरिक पर्यटन काज**लाई लागु गरिनेछ। साथै अन्तर स्थानीय तह अन्तरक्रिया तथा असल अभ्यास आदान-प्रदान कार्यक्रम सञ्चालन गरिनेछ।

१३८. दैनिक सेवा प्रवाह, विकास निर्माण एवम् सुशासन व्यवस्थापन नागरिकका साझा सवालमा जनप्रतिनिधि र कर्मचारीबिच सुमधुर सम्बन्ध स्थापित गरिनेछ र कर्मचारी र जनप्रतिनिधिको क्षमता विकास कार्यक्रमहरू सञ्चालन गरिनेछ।

१३९. गाउँपालिकाको पहिचान झल्किने आफ्नै प्रतिक चिन्ह (लोगो) तयार गरी लागु गरिनेछ।

१४०. सम्पूर्ण कर्मचारीहरूको क्षमता विकाससम्बन्धी तालिमहरूको व्यवस्था गरी सार्वजनिक सेवा प्रवाहलाई चुस्त, दुरुस्त तथा सेवाग्राहीमैत्री बनाउदै सुशासनको प्रत्याभूति गराइनेछ ।

१४१. कर्मचारीले सम्पादन गरेको कामको उचित मूल्याङ्कन गर्दै कार्य सम्पादन र कार्यघण्टाको आधारमा कर्मचारीहरूलाई प्रोत्साहन उपलब्ध गराइनेछ।

१४२. नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय तहलाई प्राप्त राजश्वसम्बन्धी अधिकारको प्रयोग गर्दै गाउँपालिकालाई आर्थिक रूपमा समृद्ध एवम् आत्मनिर्भर बनाउन राजश्वका सबै सम्भावना र क्षेत्रहरूको खोजी गर्दै **दर बढाउन भन्दा दायरा फराकिलो बनाउने नीति** अवलम्बन गरिने छ।

१४३. धेरै राजस्व रकम सङ्कलन गर्ने वडालाई प्रोत्साहन स्वरूप विकास निर्माणका कार्यका लागि थप बजेट उपलब्ध गराइनेछ।

१४४. गाउँपालिकाभित्र नदीजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवा र दहत्तर बहत्तर लगायतको बिक्री तथा निकासी प्रणालीलाई व्यवस्थित तुल्याउन सम्भाव्य सबै क्षेत्रहरूलाई करको दायरामा ल्याउदै चोरी निकासीका गतिविधिहरूलाई नियन्त्रण गर्नको लागि अनुगमनको पाटोलाई सशक्त बनाइनेछ।

१४५. सबै किसिमका पेसा व्यवसाय सञ्चालनको दर्ता, नवीकरण गर्ने कार्यलाई छिटो, छरितो, सरल, पारदर्शी र करदातामैत्री बनाउदै त्यसको व्यवस्थापनको लगि अनलाइन सफ्टवेयर प्रयोगमा ल्याइनेछ।

१४६. अपाङ्गता भएका व्यक्तिहरू, एकल तथा विधवा महिलालाई जुनसुकै प्रकारको व्यवसाय सञ्चालन गर्दा व्यवसाय दर्ता करमा ५० प्रतिशत छुटको व्यवस्था गरिनेछ।

१४७. **"हामीले तिरेको करः समृद्ध पाणिनिको आधार"** भन्ने नाराका साथ प्रत्येक वर्ष सबै वडामा करदाता शिक्षा कार्यक्रम तथा घुम्ती कर सङ्कलन सप्ताह अभियानका रूपमा सञ्चालन गरिनेछ।

१४८. नेपालको संविधानले व्यवस्था गरेको लक्षित वर्गको हकहितको सुनिश्चिता गर्दै लैङ्गिक समता र समानता, सशक्तीकरण, मूलप्रवाहीकरण र अर्थपूर्ण सहभागिता वृद्धि गर्ने नीतिलाई प्रोत्साहन गरिनेछ।

१४९. सबै किसिमका व्यक्तिगत घटना दर्ता ३५ दिन भित्र गर्न ग्रामीण क्षेत्रमा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । साथै व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा व्यवस्थापन सूचना प्रणालीको प्रभावकारी कार्यान्वयनका लागि कर्मचारी तथा जनप्रतिनिधिहरूलाई आवश्यक तालिम तथा क्षमता अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।

१५०. प्रत्येक त्रैमासिकको सामाजिक सुरक्षा भत्ता लाभग्राहीहरूले समयमैँ बिना झन्झट बैङ्किङ् प्रणालीमार्फत प्राप्त गर्नका लागि आवश्यक सहजीकरण गरिनेछ । साथै सामाजिक सुरक्षा भत्ता भुक्तानी प्रणालीलाई विद्युतीय कारोबार प्रणाली (EFT) मा रूपान्तरण गरिएको र आर्थिक वर्ष २०८१/०८२ बाट समाजिक सुरक्षा भत्ता लाभग्राहीहरूको जैविक पहिचानसहितको वायोमेट्रिक तथ्याङ्कमा आधारित रहेर वितरण प्रणालीलाई थप व्यवस्थित र पारदर्शी बनाइनेछ ।

१५१. सन् २०२४ सम्म पूर्ण घटना दर्ता सुनिश्चित गर्ने नेपाल सरकारको लक्ष्य अनुरूप सबै किसिमका घटना दर्ता ३५ दिन भित्र दर्ता गर्न गाउँ क्षेत्रमा सचेतनामूलक कार्यक्रम तथा पूर्ण घटना दर्ता सुनिश्चितता तथा सामाजिक सुरक्षा भत्ताका लागि वडा भित्रका टोलटोलमा नाम दर्ता र नवीकरणका लागि दर्ता शिविर सञ्चालन गरिनेछ ।

१५२. सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई व्यवस्थित गर्न सेवा प्रदायक बैङ्कसँगको समन्वय र सहकार्यमा असक्त, पूर्ण अपाङ्गता भएका तथा वृद्ध आमा बुबाहरूलाई भत्ता लिन बैक सम्म जानुपर्ने बाध्यता अन्त्य गर्दै घरदैलोबाट भत्ता प्राप्त गर्न सक्ने व्यवस्था मिलाईनेछ।

अन्त्यमा,

सङ्घीय सरकार र प्रदेश सरकारको समेत लक्षित राजस्व प्राप्त नभइ कम आम्दानीका कारण राजस्व वाँडफाँड र वित्तीय समानिकरण अनुदान कम प्राप्त भइरहेको तथा आन्तरिक आम्दानी न्यून रहेको अवस्थामा दैनिक सेवा प्रवाह, विकास निर्माण र सुशासन व्यवस्थापनमा गाउँपालिकालाई सबल र सक्षम तुल्याउन सरोकारवाला सबैको अहम् भूमिका रहने कुरामा विश्वस्त रहेको छु । यस गाउँपालिकाले दीर्घकालिन सोच, उद्देश्य

तथा प्राथमिकताका साथ अघि सारेका नीति तथा कार्यक्रमको सफल कार्यान्वयनले गाउँपालिकालाई समृद्ध बनाउन योगदान पुऱ्याउने नै छ । विकास निर्माण, सेवा प्रवाह र सुशासन कायम गर्न तथा विपद् व्यवस्थापन लगायतका अन्य चुनौतीको सामना गर्न सम्पूर्ण राजनीतिक दल, सङ्घ-संस्था एकताबद्ध भएर अगाडी बढौँ भन्ने आग्रह गर्न चाहन्छु। यस गाउँपालिकाको नीति तथा कार्यक्रम तर्जुमा गर्न सहयोग पुऱ्याउनुहुने सङ्घीय तथा प्रदेश माननीयज्यूहरू, उपाध्यक्षज्यू, गाउँ सभा सचिव लगायत सम्पूर्ण गाउँसभाका सदस्यज्यूहरू, विषयगत समितिका पदाधिकारीहरूज्यूहरू, राजनीतिक दलका प्रमुख तथा प्रतिनिधि ज्यूहरू, राष्ट्रसेवक कर्मचारी, बुद्धिजीवि, सञ्चारकर्मी, समाजसेवी, प्राध्यापक, शिक्षक, सुरक्षाकर्मी लगायत सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु।

मिति: २०८१।०३।०९

धन्यवाद, जय पाणिनि !

**टेकराज न्यौपाने**

**गाउँ सभा अध्यक्ष**